कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

# स्नो रिभर्स लिमिटेड
# Snow Rivers Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा.-३०, ज्ञानेश्वर, काठमाण्डौ, नेपाल, फोन नं. ०१-४५४२७८२
इमेल: info@snowrivers.com.np वेवसाइट: www.snowrivers.com.np

## आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला गरिएको बारे सूचना

स्नो रिभर्स लिमिटेडले आफ्नो जारी पूँजी रु.९३,७५,००,०००/- (अक्षरेपि त्रियानब्बे करोड पचहत्तर लाख मात्र) को २०% अर्थात् रु.१८,७५,००,०००/- (अक्षरेपि अठार करोड पचहत्तर लाख मात्र) रकम बराबर प्रति शेयर अंकित मूल्य रु.१००/- दरको १८,७५,००० कित्ता शेयर सर्वसाधारणलाई छुट्याईएको मध्ये आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ समेतको अधिनमा रही १०% अर्थात् रु.९,३७,५०,०००/- (अक्षरेपि नौ करोड सैंतीस लाख पचास हजार मात्र) रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००/- दरको ९,३७,५०० कित्ता शेयर (जसमध्ये आयोजना अति प्रभावित क्षेत्र ताप्लेजुङ जिल्लाको सिरिजङ्गा गाउँपालिकाको वडा नं. ८ का स्थानीय बासिन्दाहरुलाई ५०% अर्थात् ४,६८,७५० कित्ता शेयर र आयोजना प्रभावित क्षेत्र ताप्लेजुङ जिल्लाको सिरीजङ्गा गाउँपालिकाका वडा नं. १, २, ३, ४, ५, ६ र ७, सिदिङ्वा गाउँपालिकाको वडा नं. ५ र ६, पाथिभरा याङवारक गाउँपालिकाको वडा नं. ५ र ६ र पाँचथर जिल्लाको हिलिहाङ गाउँपालिकाको वडा नं. १ का स्थानीय बासिन्दाहरुलाई ५०% अर्थात् ४,६८,७५० कित्ता शेयर) तथा बाँकी रहेको १०% अर्थात् रु.९,३७,५०,०००/- (अक्षरेपि नौ करोड सैंतीस लाख पचास हजार मात्र) रकम बराबरको प्रति शेयर अंकित मुल्य रु.१००/- दरको ९,३७,५०० कित्ता शेयर मध्ये नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुको लागि १०% अर्थात् ९३,७५० कित्ता शेयरहरु **आज मिति २०८२ चैत्र ९ गते सोमबारदेखि** निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

| आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि: | |
|---|---|
| दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या | : १० कित्ता |
| दरखास्त दिन पाउने अधिकतम शेयर संख्या | : १०,००० कित्ता |

| वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि: | |
|---|---|
| दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या | : १० कित्ता |
| दरखास्त दिन पाउने अधिकतम शेयर संख्या | : १,००० कित्ता |

**दरखास्तसाथ प्रति शेयर रु.१००/– का दरले शत्प्रतिशत भुक्तानी गर्नुपर्ने**

| क्र.सं. | विवरण–पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु : |
|---|---|
| १. | सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल-१, काठमाण्डौ र वेवसाइटः website:www.sanima.capital |
| २. | स्नो रिभर्स लिमिटेडको कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर, काठमाण्डौ तथा आयोजनास्थल सिरिजङ्गा-८, याम्फूदिन, ताप्लेजुङ्ग र वेवसाइटः website: www.snowrivers.com.np |
| ३. | श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर र वेवसाइटः website: www.sebon.gov.np बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ। |

### आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम प्राप्त गर्न र बुझाउन सकिने व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| १. | सानिमा क्यापिटल लिमिटेड, सममार्ग, नक्साल-१, काठमाण्डौ। |
| २. | स्नो रिभर्स लिमिटेडको आयोजनास्थल रहेको कार्यालय, सिरीजङ्गा-८, याम्फुदिन, ताप्लेजुङ्ग। |
| ३. | नेपाल बैंक लिमिटेड, सिरीजङ्गा, ताप्लेजुङ्ग। |
| ४. | एनएमबि बैंक लिमिटेड, फुङलिङ, ताप्लेजुङ्ग। |
| ५. | सानिमा बैंक लिमिटेड, फुङलिङ, ताप्लेजुङ्ग। |
| ६. | ग्लोबल आइएमई बैंक लिमिटेड, फुङलिङ, ताप्लेजुङ्ग। |

***आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्डलाई जानकारी गराएर अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ।***

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरिद आवेदन प्राप्त गर्नका लागि दरखास्त फाराम वापत रु.२/- (दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ।

### वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु:

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सि-आस्बा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

| आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि साधारण शेयरको बिक्री खुल्ला अवधि: | |
|---|---|
| निष्काशन खुल्ला हुने मिति | : २०८२/१२/०९ गतेदेखि |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | : २०८२/१२/२३ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) | : २०८३/०१/०८ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |

| वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधि: | |
|---|---|
| निष्काशन खुल्ला हुने मिति | : २०८२/१२/०९ गतेदेखि |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | : २०८२/१२/१२ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) | : २०८२/१२/२३ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |

**संस्थापक/संचालक तथा कर्मचारीहरुले यस निष्काशनमा आवेदन दिन पाईने छैन।**

### संक्षिप्त वित्तीय विवरण

| विवरण | वास्तविक | | | *२०८२/२०८३ पौष मसान्त | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ | आ.व. ०८४/८५ |
| प्रति शेयर नेटवर्थ (रु.) | १००.५९ | १००.८७ | १०५.०६ | १०७.४६ | १०७.१४ | ११६.६० | १२८.२६ |
| प्रति शेयर आम्दानी (रु.) | ०.४२ | ०.७५ | ४.९८ | ४.९८ | ७.०० | ९.४६ | ११.६५ |
| संचित नाफा (नोक्सान) रु. हजारमा | २,२१९ | ५,६२४ | ३७,९२२ | ५५,९७८ | ६६,९८२ | १,५५,६५९ | २,६४,८९५ |

*नोट : * गत आ.व.को अपरिष्कृत वित्तीय विवरण कम्पनीको लेखापरीक्षक तथा व्यवस्थापनबाट प्रमाणित भएको हो।*

### प्रति मेगावाट लागत सम्बन्धी विवरण:

स्नो रिभर्स लिमिटेडद्वारा प्रवर्द्धित "सुपर काबेली खोला ए जलविद्युत आयोजना (१३.५ मे.वा.)" को निर्माण अवधिको ब्याज (IDC) सहित प्रति मेगावाट लागत रु.२०,१४,१४,०००/- (अक्षरेपि बीस करोड चौध लाख चौध हजार मात्र) तथा कुल लागत रु.२,७१,९०,८५,०००/- (अक्षरेपि दुई अर्ब एकहत्तर करोड नब्बे लाख पचासी हजार मात्र) रहेको छ ।

### विद्युत उत्पादन अनुमतिको बाँकी अवधि तथा हस्तान्तरण सम्बन्धी विवरण:

यस आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र वहाल रहने अवधि मिति २०७८/०७/१२ गते देखि मिति २११३/०७/११ गते सम्म रहेकोले हाल ३१ वर्ष २ महिना बाँकी रहेको छ । साथै, विद्यमान व्यवस्था बमोजिम मिति २११३/०७/१२ गते पश्चात् यस आयोजना नेपाल सरकारलाई हस्तान्तरण गरिनेछ ।

### परियोजनाको लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण:

आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period) ८.१७ वर्ष र
डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १५.७७ वर्ष रहेको छ ।

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

**स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूअर रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लिमिटेड, डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई "[ICRANP-IR] BB+ [Pronounced as ICRA NP Issuer Rating Double B Plus]" प्रमाणपत्र प्राप्त गरेको छ। "[ICRANP-IR] BB+" ले Moderate risk of default regarding timely servicing of financial obligations बुझाउँछ। यो मिति २०८२/०६/३१ गते सोहि रेटिङ्ग एजेन्सीबाट अद्यावधिक (Upgraded) भएको हो। ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा [ICRANP-IR] AAA ले बलियो आधार जनाउँछ भने [ICRANP-IR] D ले कमजोर आधार जनाउँछ। रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा – (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ। सो सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको दफा ग.२२ (ट) पृष्ठ नं. ४१ मा उल्लेख गरिएको छ।**

**रेटिङ्ग प्रदान गरेको मिति : अक्टोबर १७, २०२५ (मिति २०८२/०६/३१)** **बहाल रहने अवधि : अक्टोबर १६, २०२६ (मिति २०८३/०६/३०)**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८२ फाल्गुण २८ गतेको "आर्थिक अभियान"** राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशनकर्ता कम्पनीको वेवसाइट www.snowrivers.com.np नेपाल धितोपत्र बोडको वेवसाइटः www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.sanima.capital मा रहेको "विवरणपत्र" हेर्नुहुन अनुरोध गर्दछौं।

**स्वीकृत विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु, कर्मचारीहरुलाई र संस्थापक शेयरधनीहरुलाई साधारण शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभएसम्म र सामुहिक लगानी कोषले ६ महिना पूरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाइने छैन । विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ को नियम ३४ (१) मा भएको व्यवस्था बमोजिम विशिष्टीकृत लगानी कोषको स्वामित्वमा रहेको शेयरको लकइन अवधि १ वर्षको हुनेछ ।**

**निष्काशन तथा बिक्री प्रबन्धक :**

**SanimaCapital**

(A wholly owned subsidiary of Sanima Bank Ltd.)

रजिष्टर्ड कार्यालयः सममार्ग, नक्साल-१, काठमाण्डौ, फोन नं. ०१-४५४०५०८/०१-४५३६३७५/०१-४५३५९३६
Email: sanimacapital@sanimacapital.com, Website: www.sanima.capital